गराई बढीमा रु. २,००,०००।- (दुई लाख) ऋण सहायता उपलब्ध गराउनका साथै ब्याज अनुदान दिने समेत गरेको छ। यसका अतिरिक्त आफ्नै बलबुतामा स्थापित लघु, साना र मझौला उद्यमहरू जसले सरकारको कुनै पनि सहायता प्राप्त नगरी सञ्चालन भएकालाई समेत समावेश गरेको छ। यी तीनै प्रकारका उद्यमी, व्यवसायीहरूलाई सातै प्रदेशका ७५३ स्थानीय तहहरूबाट निरुद्देश्यीय छनौट विधि (random selection) अपनाई चयन गरिएको छ। यो अध्ययन छनौटमा परेका १२०० उद्यमीहरूको विभिन्न चरणमा तथ्याङ्क संकलन गरी गरिने छ। अध्ययनको विभिन्न चरणहरूमा सम्बन्धित सरोकारवालाहरू, स्थानीय तहहरू, प्रदेशका सम्बन्धित मन्त्रालयहरू तथा विभागहरूका साथै संघमा समेत गोष्ठि/बैठकहरू गरी प्राप्त पृष्टपोषण समेत समावेश गराई प्रतिवेदनहरू तयार गरिनेछ। जसका लागि स्थानीय तह तथा प्रदेशको समेत सहायता एवम् समन्वयको अपेक्षा गरिएको छ।

त्यसका साथै ती उद्यमी व्यावसायीहरूबाट स्तरोन्नति हुने सम्भावना भएका उद्यमीहरूको बृद्धि सूचकहरूको मूल्याङ्कन गरी ४२ वटा उद्यमीहरूलाई आवश्यकताका आधारमा विभिन्न सहायताहरू समेत प्रदान गरिने छ। यो सहायता नितान्त अध्ययन-अनुसन्धानको (research) प्रयोजनका लागि मात्र हुनेछ। अध्ययनले यसरी छनौट भएका उद्यम, व्यवसायीहरूको समेत नियमित तथ्याङ्क संकलन गरी तुलनात्मक विश्लेषण गरी निचोड निकाल्ने छ। यसरी आवश्यकता पहिचान गरी सहायता प्राप्त गरेका ती ४२ वटा उद्यमहरूलाई निरन्तर अनुगमन गरी वृद्धि के कुराले हुँदोरहेछ भन्ने तथ्य पत्ता लगाउने अपेक्षा यो अध्ययनले गरेको छ।

## अध्ययन विधि

यो अध्ययनले संख्यात्मक र गुणात्मक दुवै विधि अवलम्बन गरेको छ। जसका लागि सूचनाको द्वितीय श्रोतका साथै प्रश्नावली, अन्तरवार्ता तथा अवलोकन विधि समेत प्रयोग गरिने छ। प्राप्त सूचनाहरूको विश्लेषण गरी विभिन्न किसिमका प्रतिवेदन तथा प्रकाशनहरू तयार गरिनेछ।

## अध्ययनका मुख्य कृयाकलाप:

यस अध्ययनको अवधि प्रति ६ महिनाको १ चरणले जम्मा ६ चरणहरूमा विभाजन गरिएको छ। यो अध्ययनमा मेड्पाका लाभग्राही, युवा तथा साना ब्यवसायी स्वरोजगार कोषका कर्जाग्राही र स्वतन्त्र उद्यम/व्यवसायहरूबाट ४०० प्रतिका दरले १२०० व्यवसायीलाई समेट्ने छ। अध्ययनका चरण र कृयाकलापहरू निम्नानुसार छन्:

१. **चरण १ (मार्च-अगस्ट, २०२३)**
- अन्वेषणात्मक भ्रमण (Exploratory Visit)
- प्रारम्भिक कार्यशाला गोष्ठी (Inception Workshop)

२. **चरण २ (सेप्टेम्बर, २०२३-फेब्रुअरी, २०२४)**
- आधार सर्वेक्षण (Baseline Survey)
- गहन अध्ययन (In-depth Case Study)

३ **चरण ३ (मार्च-अगष्ट, २०२४)**
- नवप्रवर्तन सहायता कार्यक्रम सञ्चालन (Intervention)
- प्रथम अध्यावधिक सर्वेक्षण (Follow-up Survey 1)
- कार्यशाला गोष्ठी (Workshops)

४ **चरण ४ (सेप्टेम्बर, २०२४-फेब्रुअरी, २०२५)**
- कार्यशाला गोष्ठी (Workshops)
- नवप्रवर्तन सहायता कार्यक्रम सञ्चालन (Intervention)

५ **चरण ५ (मार्च-अगष्ट, २०२५)**
- द्वितीय अध्यावधिक सर्वेक्षण (Follow-up Survey 2)
- नवप्रवर्तन सहायता कार्यक्रम सञ्चालन (Intervention)

६ **चरण ६ (सेप्टेम्बर, २०२५-फेब्रुअरी, २०२६)**
- अन्तिम सर्वेक्षण (Endline Survey)
- राष्ट्रिय-स्तर कार्यशाला गोष्ठी (National Level Dissemination Workshop)

IDRC · CRDI

International Development Research Centre
Centre de recherches pour le développement international

Canada

को सहयतामा


नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI
मानभवन, ललितपुर, नेपाल
फोन : +९७७-१-५४५४९७५, ५४३७३६२




# सम्भावित स्तरोन्मूख उद्यमहरुमा नवप्रवर्तन तथा समावेशीताको प्रवर्धन




नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI

Lalitpur, Nepal | P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal
Tel.: +977-1-5454975, 5437362 | Fax: +977-1-5437362
E-mail: info@ndri.org.np | Web.: www.ndri.org.np

## संक्षिप्त परिचयः

नेपाल विकास अनुसन्धान प्रतिष्ठान (Nepal Development Research Institute) सन् २००४ मा स्थापित गैर सरकारी संस्था हो। यो प्रतिष्ठान अध्ययन तथा अनुसन्धानलाई मुख्य उद्देश्य बनाई, समसामयिक गतिविधि तथा नीतिगत चुनौतिहरूलाई प्रमाणमा आधारित भई सम्बोधन गर्न कटिबद्ध छ। स्थापना कालदेखि नै यसले नीतिनिर्माता, प्राज्ञिक समूह तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरू बिचमा सेतुको काम समेत गर्दै आइरहेको छ। प्रतिष्ठानले अनुसन्धानमूलक कार्यहरूलाई केन्द्रमा राखी नीतिगत बहस पैरवी गर्नका साथै तथा देशको विकासका लागि विभिन्न क्षेत्रमा यस्ता परिणाममूलक कार्यक्रमहरू समेत गर्ने गरेको छ।

## उद्यमशीलताको परिदृष्यः

उद्यमशीलता र कला-कौशलताले नै नेपाल र नेपालीको पहिचान गराएको हो भन्ने कुरामा दुई मत छैन। नेपाल एकीकरण अघि लिच्छिवी र मल्ल काल अनि १०४ वर्ष लामो राणा कालमा पनि उद्यमशीलतालाई छोडेको देखिँदैन। राणा शासन पछाडि खास गरी वि.स. २०१२ सालदेखिको पञ्चवर्षीय योजनाले त उद्यमशीलताको संस्थागत विकासकै लागि काम गरेको देखिन्छ। उद्यमशीलताको प्रवर्धन, रोजगारी सिर्जना तथा आयात प्रतिस्थापन गरेर आर्थिक उन्नति गर्ने विषयलाई सबै योजनाहरूमा समेटिएको देखिन्छ।

नेपालमा उद्यमशीलताको योजनाबद्ध विकासका साथसाथै विभिन्न किसिमका नवप्रवर्तनात्मक कार्यक्रमहरू (Innovation Support Programs) समेत सञ्चालन भएका छन्। यसै सन्दर्भमा उद्यमशीलताका लागि लघु उद्यम विकास कार्यक्रम (Micro Enterprise Development Programme) संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले सन् १९९८ देखि शुरु गरेर, पछि अन्य दातृ निकायको सहायतामा सन् २०१८ सम्म सञ्चालन गरी थुप्रै उद्यमीहरू एवम् व्यावसायीहरू बनाएको तथ्याङ्कहरू पाइन्छ। पछि, यस कार्यक्रमलाई गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम मेड्पा (Micro Enterprise Development Program for Poverty Alleviation-मेड्पा) नामबाट सन् २०१८ पश्चात् सरकारले आफ्ना स्थानीय तहमा पुऱ्याई सञ्चालन गरिरहेको छ। हाल देशका सबै स्थानीय तहहरूमा यो कार्यक्रम सञ्चालन भइरहेको छ।

त्यस्तै, युवा तथा साना स्वरोजगार व्यवसायी कार्यक्रम वि.सं. २०६५ देखि शुरु भएर हालसम्म करिब ८२ हजार बढीलाई सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान दिई स्वरोजगार बनाएको तथ्याङ्क छ। यसका अतिरिक्त उद्यमशीलता र रोजगार सिर्जना गर्ने कार्यक्रमहरू विकास गर्न राज्यकोष र दातृ निकायहरूको ठूलो धनराशी समेत खर्च भएको देखिन्छ। यद्यपी आशातीतरूपमा उद्यमीहरूको सिर्जना भएता पनि दिगोरूप लिएका उद्यमीहरूको संख्या भने अत्यन्तै न्यून रहेको पाइन्छ। कतिपय उद्यमहरू त यस्ता कार्यक्रमको अवधिपछि पूर्ण रूपमा बन्द समेत हुने गरेको देखिन्छ र यो क्रम निरन्तर चलिरहेको पाइन्छ।

## अध्ययनको औचित्यताः

सात दशक लामो योजनाबद्ध प्रयासले हाल सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगहरूमध्ये आधाभन्दा बढी त अझै दर्ता प्रकृयामा आएका समेत छैनन्। दर्ता र नवीकरण भएका संस्थाहरूमा पनि सन्तोषजनक स्तरोन्नति/बृद्धि भएको पाइँदैन। यस्तो अवस्थाले एउटा गम्भीर प्रश्न खडा गरेको छ। किन उद्योग व्यवसायको स्तरोन्नति/बृद्धि हुँदैन ? यो प्रश्नको उत्तर खोज्नका लागि प्रा.डा. राजकुमार भट्टराईको संयोजकत्वमा नेपाल विकास अनुसन्धान प्रतिष्ठानले International Development Research Centre (IDRC) क्यानडाको सहयोगमा पहिलो चरणको (सन् २०२२) अध्ययन गरेको थियो। उक्त अध्ययनले स्थानीयस्तरमा ***"उद्योग-व्यवसायको अन्तरनिर्भरता"*** (Enterprise ecosystem) को विकास नभएको कारण औँल्याएको थियो। जसको फलस्वरूप आवश्यक्तामा आधारित सहयोग (need-based support) र उद्यमीहरू बिच परस्पर अन्तरनिर्भरताको खाँचोलाई सम्बोधन गर्न एउटा प्रयोगात्मक अध्ययन गर्ने निक्यौंल गरेको थियो। उक्त अध्ययनले औल्याएको खाँचो अनि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले शुरु गर्ने तयारी गरको स्तरोन्मुख उद्यम प्रवर्धन कार्यक्रम (Growth Potential Enterprise Promotion Program) सञ्चालन कार्यविधि २०७९ लाई आधार मान्नुका साथै युवा तथा साना स्वरोजगार व्यावसायी कार्यक्रमको प्रतिबद्धतालाई समेत ध्यानमा राखी हाल यो दोस्रो चरणको अध्ययन ***"सम्भावित स्तरोन्मुख उद्यमहरूमा नवप्रवर्तन तथा समावेशीताको प्रवर्धनः नेपालको एक प्रमाण"*** (Promoting Innovation and Inclusion in Growth Potential EnterpriseM Evidence from Nepal) सन् २०२३ देखि सन् २०२६ सम्म सञ्चालन भइरहेको छ।

यो अध्ययनले विभिन्न क्षेत्रसँग सम्बन्धित उद्यमीहरूलाई उत्साहित गर्न समानता, विविधता, र समावेशीकरण (Equity, Diversity, and Inclusion) को प्रवर्धन गर्ने उद्देश्य पनि लिएको छ। यसका लागि विभिन्न लिङ्ग, उमेर, जात/जाति, क्षेत्रका साथै भौगोलिक अवस्थाका उद्यमीहरूको चयन गर्ने छ।

## अध्ययनको उद्देश्यः

यस अधययनको मूख्य उद्देश्य भनेको देशमा विगत र वर्तमानमा संचालित विभिन्न प्रकारका उद्यमशीलता र रोजगारीको बिकासका लागि सञ्चालन गरिएका नवप्रर्वतनात्मक कार्यक्रमहरूले राखेका लक्ष्य अनुरूप सफलता प्राप्त गर्न सके नसकेको मूल कारण पत्ता लगाई नीति निर्माणमा पृष्टपोषण गर्ने रहेको छ। यसका लागि एउटा प्रयोगात्मक अध्ययन (Action Research) समेत गरिनेछ। यस अध्ययनले अवलम्बन गरेका खास उद्देश्यहरू निम्नानुसार छन्ः

- रोजगारी सिर्जना, उत्पादन प्रक्रिया सुधार, उत्पादन/बजार विकास र बिक्री वृद्धिका दृष्टिकोणबाट नेपाल सरकारद्वारा संचालित दुई कार्यक्रमहरू- लघु उद्यम विकास कार्यक्रम (मेड्पा) र युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रमका लाभग्राहीहरू र स्वतन्त्र उद्यमीहरूको वास्तविक अवस्थाको तुलनात्मक अध्ययन गर्ने;
- मेड्पा र स्वरोजगार कोष कार्यक्रमहरू लक्षित लाभग्राहीहरू (जस्तै, युवा, महिला, न्यून-आय वर्गमा रहेका उद्यमीहरू) सम्म के कसरी पुगेको छ वा छैन भन्ने निर्धारण गर्ने र तिनीहरूको समानता, विविधता, समावेशीता, र नवप्रवर्तन परिणामहरूको प्रभावकारीता बढाउनलाई के गर्न सकिन्छ भन्ने विस्तृत विवरण तयार गर्ने;
- उद्यमहरूलाई सहयोग गर्न व्यवसायिक नवप्रवर्तन अन्तरनिर्भरता (Business Innovation Ecosystem) विकासका लागि र स्तरोन्नतिको सम्भावना भएका उद्यमहरूको प्रवर्धनका लागि नीति तथा रणनीतिहरूको तर्जुमा गर्न आवश्यक तथ्य पत्ता लगाई तिनको उपयोग गर्ने।

## नवप्रवर्तन कार्यक्रमहरूको छनौटः

यस अधययनले कम्तिमा एक दशकभन्दा बढी उद्यमशीलता र रोजगारी प्रवर्धनलाई मुख्य उद्देश्य बनाई सरकारद्वारा संचालित परियोजनाहरूलाई छनौट गर्नुपर्ने हुनाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगको समन्वयमा "गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)" लाई लिइएको छ। यस कार्यक्रमले उद्यम गर्न चाहने जो कसैलाई पनि ६ चरणमा क्षमता अभिवृद्धि गराई वित्तीय आवश्यकताको लागि समेत सहजीकरण गरी उद्यमी बनाउने काम गर्छ। त्यस्तै, युवा लक्षित कार्यक्रम जसले युवालाई विदेश पलायन हुनबाट रोक्न र स्थानीय स्रोत, साधन परिचालन गरी आफ्नै गाउँ-ठाउँमा स्वरोजगार बन्न चाहने युवाहरूलाई सहुलियतपूर्ण कर्जा प्रदान गरी रोजगार सिर्जना गर्ने सरकारको अर्को नवप्रवर्तन कार्यक्रम युवा तथा साना व्यावसायी स्वरोजगार कोषसँग पनि समन्वयन गरी अध्ययनमा समावेश गरिएको छ। जसले विभिन्न सहकारी, बैंक, वित्तीय संस्थाहरू मार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध